लोक सेवा आयोग

# समाचार पत्र

A Trimester Newsletter of Public Service Commission, Nepal

वर्ष-१५ अङ्क-१ पूर्णाङ्क-५० साउन-असोज २०८२




सम्पादक मण्डल

गीता कुमारी होमेगाई
अध्यक्ष
(सहसचिव)

एकनारायण शर्मा
सदस्य
(उपसचिव)

सविता अधिकारी लामिछाने
सदस्य-सचिव
(शाखा अधिकृत)

# समावेश भएका विषयवस्तुहरु

- आर्थिक वर्ष २०८२-८३ को पहिलो त्रैमासिक अवधिको कार्यसम्पादन अवस्था
  - ❖ आयोगका बैठक र निर्णय
  - ❖ पाठ्यक्रम निर्माण तथा परिमार्जन
  - ❖ शैक्षिक योग्यता निर्धारण
  - ❖ पदपूर्तिका लागि माग र प्रतिशत निर्धारण
  - ❖ विज्ञापन प्रकाशन
  - ❖ दरखास्त सङ्कलन
  - ❖ लिखित परीक्षा सञ्चालन
  - ❖ लिखित परीक्षा नतिजा तयारी
  - ❖ अन्तर्वार्ता तथा सिफारिस
  - ❖ सुरक्षा निकाय तथा सङ्गठित संस्था
  - ❖ विभागीय सजाय र परामर्श
  - ❖ बढुवा उजुरी सम्बन्धी विवरण
  - ❖ परीक्षामा अनियमितता गर्ने उपर कारबाही
  - ❖ कर्मचारी व्यवस्थापन
  - ❖ बजेट खर्च
- अन्तर्वार्ता
- स्वतः प्रकाशन
- लोक सेवा आयोगको वार्षिक कार्यतालिका

# त्रैमासिक गतिविधिको सारांश

## आयोग बैठक




- ❑ बैठक सङ्ख्याः २०
- ❑ निर्णय सङ्ख्याः ५७

## शैक्षिक योग्यता निर्धारण


- ❑ योग्यता निर्धारण भएका पदहरुःX
- ❑ योग्यता परिमार्जन भएका पदहरु : २
- ❑ योग्यता द्विविधा सम्बन्धी निर्णय भएका पदहरुः२

## पाठ्यक्रम



- ❑ पाठ्यक्रम नयाँ निर्माण भएका पदहरु : ४
- ❑ पाठ्यक्रम सङ्गठित संस्थातर्फ स्वीकृति प्रदानः६
- ❑ पाठ्यक्रम परिमार्जन भएका पदहरुः १

## माग सङ्कलन र प्रतिशत निर्धारण




- ❑ माग सङ्कलनः ५०२
- ❑ प्रतिशत निर्धारणः ५०२

## पदपूर्तिका लागि विज्ञापन र माग




- ○ विज्ञापन सङ्ख्याः २०८ अधिकृतस्तरः २०८
- ❑ सहायकस्तरः X
- ❑ माग पद सङ्ख्याः X
  - ○ अधिकृतस्तरः ४६३
  - ○ सहायकस्तरः X

## दरखास्त सङ्कलन



- ❑ जेष्ठता र कार्यसम्पादनः X
- ❑ कार्यक्षमता मूल्याङ्कनः २
- ❑ माग आयोगको अनलाईन डेटावेसमा सङ्कलन भएका दरखास्त सङ्ख्याः ९०५३३
- ❑ महिलाः४९५१८ पुरुषः ४१०१५

## लिखित परीक्षा



- ❑ परीक्षा सञ्चालन भएको विज्ञापन सङ्ख्या(निजामती) :
- ❑ अप्राविधिकः X
- ❑ प्राविधिकः X

उपस्थित उम्मेदवारको सङ्ख्याः महिलाः X पुरुषः X

परीक्षा सञ्चालन भएको विज्ञापन सङ्ख्या(सुरक्षा निकाय):

- ❑ उपस्थित उम्मेदवारको सङ्ख्याः
  महिलाः४४३९ पुरुषः १२३६

## लिखित परीक्षा नतिजा तयारी

- ❑ नतिजा तयार गरिएको विज्ञापन सङ्ख्याः १४१
- ❑ दक्ष विज्ञ मनोनयन सङ्ख्याः ३४३
- ❑ उत्तरपुस्तिका परीक्षणः
- ❑ विषयगतः १३०३३३ वस्तुगतः ३५७२०
- ❑ OMR : X

## सङ्गठित संस्था



- ❑ पदपूर्तिको लागि सहमति प्रदान गरिएका निकायः६
- ❑ लिखित परीक्षामा सम्मिलित परीक्षार्थीः
  महिलाः १७१३० पुरुषः१३०७३
- ❑ दक्ष विज्ञ मनोनयन सङ्ख्याः१७२७
- ❑ नतिजा तयार गरिएको विज्ञापन सङ्ख्याः २५५
- ❑ उत्तरपुस्तिका परीक्षणः१५१५०१
  वस्तुगतः३६०४५ विषयगतः१०४५१७ OMR :१०९३९
- ❑ लिखित परीक्षामा उत्तीर्णः ५०८३
  महिलाः २४४३ पुरुषः २६४०

## अन्तर्वार्ता तथा सिफारिस




- ❑ सिफारिसः २३९
- ❑ प्राविधिकतर्फः१५९
  महिलाः५४ पुरुषः१०४
- ❑ अप्राविधिक तर्फः९६
  महिलाः ६७ पुरुषः२९

## कर्मचारी व्यवस्थापन

- ❑ सरुवा
  - ○ अन्यत्र निकायबाट आयोगमाः५
  - ○ आयोग अन्तर्गतः ५
- ❑ आयोगबाट अन्य निकायः५
- ❑ अनिवार्य/स्वेच्छिक अवकाशः १
- ❑ पदोन्नतिः १
- ❑ पुरस्कारः X
- ❑ स्वदेश/विदेश भ्रमणः १
- ❑ तालिम सेमिनारः ९

## विभागीय सजाय र परामर्श

- ❑ सामान्य सजाय सिफारिसः X
- ❑ विशेष सजाय सिफारिसः
- ❑ बढुवा उजुरीः १
- ❑ परामर्श प्रदानः ३

## अनियमितता उपर कारवाही

- ❑ परीक्षामा अनियमितता गर्ने उपर गरिएको कारावहीः ७
- ❑ महिलाः ३ पुरुषः४

## बजेट खर्च

यस अवधिको खर्चः ९,४९,११,८१८

## सम्माननीय राष्ट्रपतिज्यूसमक्ष लोक सेवा आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन (छैयसट्ठीऔं) पेश गर्ने क्रममा

## आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मीद्वारा प्रस्तुत विवरण

**सम्माननीय राष्ट्रपतिज्यू,**

विक्रम सम्वत् २००८ साल आषाढ १ गते पब्लिक सर्भिस कमिशनको नामबाट स्थापना भएको लोक सेवा आयोगले सोही वर्ष भाद्र १८ गते पहिलो पटक विभिन्न छ पदका लागि विज्ञापन गरेर निजामती सेवामा पदपूर्तिको कार्य प्रारम्भ गरेको हो। नेपालको अन्तरिम शासन विधान, २००७ पछि जारी भएका नेपालका संविधानहरूले समेत निजामती सेवामा रिक्त पदपूर्ति गर्ने जिम्मेवारी लोक सेवा आयोगलाई प्रदान गर्दै आएका छन्। नेपालको संविधानले निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य सङ्घीय सरकारी सेवा र पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा सङ्घीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिको अन्य सङ्गठित संस्थाका रिक्त पदको पूर्तिका लागि उम्मेदवारको लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारीसमेत थप गरेको छ। यसका साथै संविधानमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य सङ्घीय सरकारी सेवा वा पदमा बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तका विषयमा, कुनै सङ्गठित संस्थाको सेवाका पदमा बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा, सङ्घीय निजामती सेवाको शर्त सम्बन्धी कानूनको विषयमा, सङ्घीय निजामती सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यबस्था छ।

नेपालको संविधानको धारा २९४ मा संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। संविधानमा व्यवस्था भएबमोजिम लोक सेवा आयोगले विक्रम संवत् २०१६ सालदेखि हरेक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रप्रमुखसमक्ष पेश गर्दै आएको छ। आयोगबाट आर्थिक वर्ष २०८१/०८२ मा सम्पादन गरिएका कामकारवाही समेटेर प्रस्तुत गरिएको यो प्रतिवेदन सङ्ख्यात्मक हिसाबले आयोगको छैयसट्ठीऔं वार्षिक प्रतिवेदन हो।

**सम्माननीय राष्ट्रपतिज्यू,**

अब म आर्थिक वर्ष २०८१/०८२ को यस वार्षिक प्रतिवेदनमा समावेश गरिएका मुख्य-मुख्य विवरण प्रस्तुत गर्दछु।

१. विभिन्न सेवा सञ्चालन गर्ने निकायहरूबाट रिक्त पदपूर्तिका लागि आयोगमा माग भए अनुरूप प्रतिवेदन अवधिमा ४ सय ९६ ओटा बढुवा विज्ञापन, १ सय ४१ ओटा आन्तरिक प्रतियोगितात्मक परीक्षा, २ सय ८६ ओटा खुला प्रतियोगितात्मक परीक्षा र ५ सय ९० ओटा विभिन्न समावेशी समूहका गरी जम्मा १ हजार ५ सय १३ ओटा विज्ञापन तथा बढुवा सूचनाहरू प्रकाशन गरिएको छ। उक्त विज्ञापनबाट बढुवातर्फ (आ.प्र. बाहेक) १ हजार ५०, आन्तरिक प्रतियोगितातर्फ ३ सय ३२, खुला प्रतियोगितातर्फ ९ सय ५० तथा महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका समावेशी प्रतियोगितातर्फ जम्मा ८ सय ४९ गरी कुल ३ हजार १ सय ८१ पदका लागि दरखास्त माग गरिएको थियो।

२. प्रतिवेदन अवधिमा प्रकाशित आन्तरिक, खुला तथा समावेशी समूहका विज्ञापनका लागि आयोगको अनलाइन दरखास्त प्रणालीमा कुल ४ लाख ५९ हजार ८ सय ३४ दरखास्त प्राप्त भएका छन्। विगत वर्षहरूमा जस्तै आर्थिक वर्ष २०८१/०८२ मा पनि मुलुकका सबै जिल्लाबाट दरखास्त परेका छन्। सबैभन्दा बढी दरखास्त पर्ने पाँच जिल्लाहरू क्रमशः सर्लाही (१८,४४२), धनुषा (१५,७८४), बारा (१५,७३७), महोत्तरी (१५,४५२) र रौतहट (१४,७५३) रहेका छन्। उक्त पाँच जिल्लाबाट कुल ८० हजार १ सय ६८ (१७.४३ प्रतिशत) दरखास्त परेका छन्। त्यस्तै सबैभन्दा न्यून दरखास्त पर्ने पाँच जिल्लामा क्रमशः मनाङ (१५), मुस्ताङ (५३), रसुवा (३३४), रुकुम पुर्व (७६६) र डोल्पा (१०१४) रहेका छन्। यी जिल्लाबाट कुल २ हजार १ सय ८२ अर्थात् कुल दरखास्तको ०.४७ प्रतिशतमात्र दरखास्त परेका छन्। यस वर्ष दरखास्त दिने उम्मेदवारहरूको औसत उमेर २८ वर्ष रहेको छ। आयोगबाट प्रकाशित निजामती सेवातर्फका ३ हजार १ सय ८१ विज्ञापनमध्ये विभिन्न ४४ ओटा विज्ञापनमा कुनै पनि दरखास्त परेनन्।

३. उपयुक्त उम्मेदवार छनोट गर्नका लागि आयोगले सञ्चालन गरेका विभिन्न परीक्षाका लागि प्रतिवेदन अवधिमा कुल १ हजार ४ सय ११ सेट परिमार्जित प्रश्नपत्र तयार गरी प्रयोगमा ल्याईएको छ। प्रतिवेदन अवधिमा निजामती सेवातर्फ सञ्चालित विभिन्न लिखित परीक्षाहरूमा प्रथम चरणमा ६२ हजार ९ सय ६२ महिला र ७४ हजार ३ सय ७१ पुरुष गरी जम्मा १ लाख ३७ हजार ३ सय ३३ र द्वितीय चरणको मूल परीक्षामा १७ हजार ७ सय ३५ महिला र ३५ हजार ८ सय ८६ पुरुष गरी दुवै चरणका कुल १ लाख ९० हजार ९ सय ५४ उम्मेदवार सम्मिलित भएका छन्। परीक्षामा अनियमितता गर्ने सात महिला र ४४ पुरुष गरी जम्मा ५१ उम्मेदवार कारबाहीमा परेका छन्।

४. प्रतिवेदन अवधिमा निजामती सेवातर्फ ४ लाख २१ हजार ५ सय ८७, सुरक्षा निकायतर्फ ९६ हजार ३ सय ३७, सङ्गठित संस्थातर्फ ५ लाख ५० हजार ४ सय ३२ एवम् विश्वविद्यालयतर्फ ७ हजार ७ सय ९२ गरी कुल १० लाख ७६ हजार १ सय ४८ उत्तरपुस्तिका सङ्केतीकरण गरी विज्ञहरूबाट परीक्षण गराईएको छ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

५. प्रतिवेदन अवधिमा निजामती सेवातर्फ २ हजार ५ सय ८३ जना र राष्ट्रिय मानव अधिकार सेवातर्फ नौं जना गरी कुल २ हजार ५ सय ९२ जना उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्। सो मध्ये महिला ९ सय २ जना र पुरुष १ हजार ६ सय ९० जना रहेका छन्। सबैभन्दा बढी उम्मेदवार सिफारिस हुने पाँच जिल्लामा क्रमशः जुम्ला (११५), स्याङ्जा (९२), गुल्मी (८०), धनुषा (७२) र काठमाडौं (७१) रहेका छन्। जिल्लागत आधारमा मुस्ताङ जिल्लाबाट एक जना मात्र उम्मेदवार सिफारिस भएका छन्। मनाङ जिल्लाबाट यस वर्ष कुनै पनि उम्मेदवार सिफारिस हुन सकेनन्। यस वर्ष सिफारिस हुने उम्मेदवार (आन्तरिक प्रतियोगितासमेत) को औसत उमेर २९ वर्ष रहेको छ।

६. प्रतिवेदन अवधिमा सिफारिस भएका कुल २ हजार ५ सय ९२ उम्मेदवारमध्ये आर्थिक वर्ष २०७६/०७७, २०७७/०७८, २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ मा भएका विज्ञापनबाट क्रमशः एक, ४४, २ सय ४६, २ हजार ६३ र २ सय ३८ उम्मेदवार रहेका छन्। सम्मानित अदालतको आदेशले स्थगित भएका अघिल्ला वर्षका विज्ञापनको पदपूर्तिको कार्यसमेत प्रतिवेदन अवधिमा सूचारू गरी सिफारिस गरिएको छ।

७. आयोगले वि.सं. २०६४ सालदेखि प्रचलित कानुनमा तोकिएका समावेशी समूहका उम्मेदवारबीच प्रतिस्पर्धा गराई पदपूर्ति गर्दै आएको छ। आर्थिक वर्ष २०८१/०८२ को अवधिमा विभिन्न छ समावेशी समूहबाट कुल ८ सय ४९ पदका लागि विज्ञापन गरिएको छ। समावेशी विज्ञापनबाट यस अवधिमा कुल १ हजार ५६ जना उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्। जसमा महिलातर्फ ३ सय ६५, आदिवासी/जनजातितर्फ २ सय ७३, मधेशीतर्फ २ सय ३३, दलिततर्फ ९६, अपाङ्गतर्फ ४६ र पिछडिएको क्षेत्रतर्फ ४३ उम्मेदवार सिफारिस भएका छन्। प्रतिवेदन अवधिसहित विगत १८ वर्षमा सबै समावेशी समूहबाट गरी कुल २६ हजार २ सय ७४ उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्। आर्थिक वर्ष २०८१/०८२ मा सबै समावेशी समूहका उम्मेदवार खुला विज्ञापनतर्फका प्रतिस्पर्धामा समेत सिफारिस भएका छन्।

८. आर्थिक वर्ष २०७३/०७४ देखि नै आयोगले सुरक्षा निकाय तथा सङ्गठित संस्थाहरूको पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन गर्दै आएको छ। हाल पाँच ओटा सेवा आयोग तथा सभा, चार ओटा सुरक्षा निकाय र ९९ ओटा सङ्गठित संस्थाहरूको पदपूर्ति प्रक्रियामा आयोगको प्रतिनिधित्व रहेको छ।

९. प्रतिवेदन अवधिमा आयोगबाट नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल गरी तीन ओटा सुरक्षा निकाय र ४० ओटा सङ्गठित संस्थाका १७ हजार ४ सय ९२ पदमा पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्न सहमति प्रदान गरिएको छ। यस अवधिमा गत आर्थिक वर्षमा सहमति प्रदान गरिएका चार ओटा सुरक्षा निकायका परीक्षामा ३० हजार ६ सय ३७ र ३२ ओटा सङ्गठित संस्थाका परीक्षामा २ लाख ६५ हजार १ सय ९२ वटा दरखास्त परेकोमा सुरक्षा निकायतर्फ ६७.३४ प्रतिशत र सङ्गठित संस्थातर्फ ४३.८३ प्रतिशत उम्मेदवारको परीक्षामा उपस्थिति रहेको थियो। आयोगबाट सञ्चालित चार सुरक्षा निकाय र ३३ सङ्गठित संस्थाका जम्मा निकायका ७ सय २८ विज्ञापनका लिखित परीक्षाबाट २१ हजार ६ सय ७० उम्मेदवार छनोट गरी अन्तर्वार्ताका लागि सम्बन्धित निकायको पदपूर्ति समितिमा पठाईएको छ।

१०. प्रतिवेदन अवधिमा कर्मचारी सेवा शर्तसम्बन्धी कानुन, विभागीय सजाय आदि विषयमा विभिन्न निकायका लागि कुल २२ ओटा परामर्श प्रदान गरिएको छ। विभिन्न बढुवा समितिहरूबाट बढुवा सम्बन्धी कुल २ सय ९ ओटा सिफारिस भएकोमा विभिन्न सिफारिसउपर ५९ ओटा उजुरी आयोगमा प्राप्त भै उजुरीसम्बन्धी कारबाही पश्चात विभिन्न तीन ओटा बढुवा सिफारिस संशोधन गर्ने गरी निर्णय भएको छ। त्यस्तै राजपत्राङ्कित श्रेणीतर्फ दुई र राजपत्र अनङ्कित श्रेणीतर्फ चार गरी कुल छ जना निजामती कर्मचारीलाई विभिन्न विभागीय सजाय गर्ने गरी परामर्श प्रदान गरिएको छ। यसरी सजायका लागि परामर्श प्रदान गरिएकामध्ये सबैभन्दा बढी तीन जना नायब सुब्बा वा सो सरह पदका कर्मचारी रहेका छन्।

११. प्रतिवेदन अवधिमा इञ्जिनियरिङ्ग सेवातर्फ आठ र स्वास्थ्य सेवातर्फ दुई गरी जम्मा १० ओटा पदको पाठ्यक्रम निर्माण एवम् परिमार्जन भएको छ। त्यस्तै गरी तीन ओटा सुरक्षा निकायतर्फ चार ओटा र २५ ओटा सङ्गठित संस्थाका विभिन्न ४ सय ३५ ओटा गरी कूल ४ सय ४९ ओटा पाठ्यक्रमहरू परिमार्जन एवम् निर्माण भएका छन्।

१२. आयोगले यस प्रतिवेदनमा विगत चार वर्षमा आयोगका प्रतिवेदनमार्फत् दिइएका सुझावहरूको कार्यान्वयनको अवस्था उल्लेख गरेको छ। साथै अविलम्ब सङ्घीय निजामती सेवा ऐन जारी गर्नुपर्ने, कर्मचारीहरूलाई दुर्गम स्थानमा रहेर काम गर्न उत्प्रेरित गर्न र मनोबल बढाउन पदोन्नतिको लागि दुर्गम क्षेत्रको अनुभवलाई अनिवार्य तुल्याउने लगायत विभिन्न सुविधा प्रदान गर्ने, विभिन्न सङ्गठित संस्थाहरूमा कार्यरत कर्मचारीहरूलाई उपलव्ध गराउने सेवा सुविधाहरूलाई अर्थ मन्त्रालयको सहमतिमा न्यूनतमरूपमा एकरूपता कायम गर्ने, विभिन्न विश्वविद्यालयका सेवामा रिक्त पदहरूको पदपूर्ति कार्य व्यवस्थित गर्न एकल विश्वविद्यालय सेवा आयोग गठन गर्ने, नेपालको संविधानले सामाजिक न्यायको हक प्रदान

गरेका वर्ग र समुदायलाई उचित प्रतिनिधित्व हुने अवस्थामा ल्याउनु पर्ने, लोक सेवा आयोगको आर्थिक र प्रशासनिक स्वायत्ततालाई सुनिश्चित गरिनुपर्ने लगायत विभिन्न १० ओटा विषयमा सुझाव समेत प्रस्तुत गरेको छ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

प्रस्तुत प्रतिवेदनमा आयोगको कार्यसम्पादनका आधारहरू, प्रशासनिक तथा वित्तीय स्थिति, विज्ञापन र दरखास्त सम्बन्धी विवरण, परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम निर्धारण सम्बन्धमा आयोगबाट भए गरेका कार्यहरू, परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षण सम्बन्धी विवरण, अन्तर्वार्ता तथा सिफारिस सम्बन्धी विवरण, समावेशी पदपूर्ति सम्बन्धी विवरण, सुरक्षा निकाय तथा सङ्गठित संस्थाको पदपूर्तिका लागि सञ्चालन भएका लिखित परीक्षा तथा लिखित परीक्षाबाट उम्मेदवार छनौट भएको विवरण, विभिन्न सेवा सम्बन्धी कानूनमा दिइएको परामर्श सम्बन्धी विवरण र बढुवा उजूरीमा आयोगबाट भएका निर्णय सम्बन्धी विवरण समावेश गर्नुका साथै आयोगबाट विगतका प्रतिवेदनमा प्रस्तुत सुझाव कार्यान्वयनको स्थिति तथा निजामती सेवामा गर्नुपर्ने सुधार लगायतका विषयमा सुझावहरू समेत प्रस्तुत गरिएको छ।

कर्मचारी समायोजनको विषयसहित अन्य विभिन्न कारणले सम्मानित अदालतमा रिट निवेदन परी अदालतको आदेशबाट रोकिएका गत विगत आर्थिक वर्षका विज्ञापनका पदपूर्तिसम्बन्धी बाँकी कार्य सम्पन्न गर्न समयवद्ध कार्ययोजना निर्माण गरी सोही अनुरूप समयमै कार्यसम्पादन गरिएको छ। फलस्वरूप यस आर्थिक वर्षदेखि आयोगको वार्षिक कार्यतालिका अनुरूप समयमै कार्यसम्पादन नियमित गर्न सम्भव भएको छ।

**सम्मानीय राष्ट्रपतिज्यू,**

नेपालको संविधानले आयोगलाई प्रदान गरेको भूमिकालाई योग्यता, स्वच्छता र निष्पक्षताको मूल मर्म प्रवर्द्धन हुनेगरी आयोगले आफ्ना कामकारवाहीहरू अगाडी वढाइरहेको छ। योग्यता प्रणालीलाई राज्यका हरेक तहमा संस्थागत गर्ने, प्रबर्द्धन गर्ने एवं सम्बर्द्धन गर्ने कार्यमा आयोगले नेतृत्वदायी ढंगले समन्वयात्मक प्रयत्नहरू जारी राखेको छ। साथै आयोगको गरिमालाई अझ सुदृढ बनाउने, परम्परागत परीक्षा र परीक्षण विधिमा सुधार ल्याउने, विश्वसनीयता बढाउने र गुणस्तरको खोजी गर्ने काममा आयोग योजनावद्ध ढङ्गले अगाडी बढिरहेको छ।

प्रतिवेदन अवधिमा लोक सेवा आयोग नियमावली, २०७९ (संशोधन सहित) को दफा २३ मा २३क. र २३ख. थप भई सङ्गठित संस्थातर्फ एकै तह वा श्रेणीका लागि फरक फरक सेवा, समूह, उपसमूह, शैक्षिक योग्यता, अनुभव, सीप तथा पदनाम भएतापनि सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरह पद, सहायकस्तर प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह वा पाँचौ तह वा सो सरह पद र शाखा अधिकृत वा सो सरह वा छैठौं तह वा सातौं तह वा सो सरह पदको लागि एकीकृत पूर्वयोग्यता परीक्षा सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०८२/०८३ मा सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरह पदको पूर्वयोग्यता परीक्षा सञ्चालन हुने गरी तय गरिने भएको छ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

निजामती सेवा, सुरक्षा निकाय तथा सङ्गठित संस्था सहित अन्य सार्वजनिक सेवामा कर्मचारी भर्ना र छनौटको कार्य कुशल ढङ्गले सम्पादन गर्न आयोगले "योग्य, क्षमतावान र दक्ष जनशक्तिको छनोट र परिचालनमार्फत राष्ट्रको समग्र सम्मुनती" गर्ने दूरदृष्टि सहितको दोस्रो रणनीतिक योजना (२०७९/०८०-२०८३/०८४) मिति २०७९/८/२६ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। रणनीतिक योजनाका देहायबमोजिम चार ओटा लक्ष्य रहेका छन्:

१) उपयुक्त उम्मेदवार छनौट गर्दा योग्यता, स्वच्छता र निष्पक्षता प्रवर्द्धन गर्नु,

२) उपयुक्त उम्मेदवार छनौट गर्न समसामयिक, वैज्ञानिक परीक्षण विधि अवलम्बन गर्नु

३) उजुरी सुनुवाइलाई अनुमान योग्य बनाउनु र

४) आयोगको संस्थागत क्षमता सुदृढीकरण तथा कार्यक्षेत्रमुखी प्रवर्द्धनात्मक कार्य विस्तार गर्नु।

उपरोक्त लक्ष्यहरू हासिल गर्न रणनीतिक योजनामा ९ रणनीति, ३० कार्यनीति र ९० क्रियाकलापहरू पहिचान गरिएको छ। रणनीतिक योजनाका क्रियाकलापहरू प्रभावकारी रूपमा सञ्चालन गर्न रणनीतिक योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोत सुनिश्चितताको लागि नेपाल सरकारसँग आयोगले समन्वय गरिरहेको छ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

आयोग स्थापनाको ७५ वर्षको अवसरमा हीरकजयन्ती कार्यक्रम मनाइएको छ। २०८२ असारदेखि २०८३ जेठ मसान्तसम्मको अवधिलाई हीरकजयन्ती वर्ष मनाउँने घोषणा गर्दै आयोगले आफूले अवलम्बन गरेका मान्यता, सिद्धान्त र कार्यप्रणालीलाई आयोगका सरोकारवाला समक्ष सम्प्रेषण गर्न लोक सेवा आयोग बाह्य पहुँच (Outreach) कार्यक्रम मुलुकका सबै जिल्लामा पुग्ने गरी सञ्चालन गर्ने निर्णयसमेत भएको छ। हीरकजयन्ती वर्षको अवसरमा सरोकारावालासँगको सम्बन्ध र सहकार्यलाई थप सुदृढ र प्रभावकारी तुल्याउन विभिन्न समन्वयात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरी प्रतिभावान युवापुस्तालाई सार्वजनिक सेवामा आकर्षण पैदा गर्ने प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्ने निर्णयसमेत आयोगले गरेको छ। ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती वर्ष समुद्घाटन कार्यक्रममा प्रमुख आतिथ्यता प्रदान गरी उपस्थित हुनु भएकोमा सम्माननीय राष्ट्रपतिज्यूप्रति पुन: आभार प्रकट गर्दछौं।

**अन्त्यमा,**

अत्यन्त व्यस्तताका बावजुद लोक सेवा आयोगको आर्थिक वर्ष २०८१/८२ वार्षिक प्रतिवेदन पेश गर्ने समय उपलब्ध गराईदिनु भएकोमा सम्माननीय राष्ट्रपतिज्यूसमक्ष हार्दिक आभार प्रकट गर्दछु।

सम्माननीय राष्ट्रपतिज्यू, सल्लाहकारज्यूहरू, माननीय सदस्यज्यूहरू, राष्ट्रपति कार्यालय तथा आयोगका सचिव एवम् कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरू र यस कार्यक्रममा उपस्थित सबैमा बडादशैं, दिपावली, म्हपुजा, नेपाल सम्वत ११४६ तथा छठ पर्वको शुभ अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

सम्बत् २०८२ साल असोज ५ गते आइतबार।

**धन्यवाद।**

# आर्थिक वर्ष २०८२-०८३ को पहिलो त्रैमासिक अवधिको कार्यसम्पादन अवस्था

## १. आयोगका बैठक र निर्णय

आर्थिक वर्ष २०८२/०८३ को पहिलो त्रैमासिक अवधिमा २० पटक बैठक बसी आयोगले देहाय अनुसार कुल ५७ वटा निर्णयहरु गरेको छ।

| निर्णयको विषय | निर्णय सख्या |
|---|---|
| विभागीय सजायको परामर्श | १ |
| बढुवा उजुरी सम्बन्धी | ३ |
| लिखित परीक्षा, नतिजा र अन्तर्वार्ता | २ |
| सुरक्षा निकाय तर्फ (पदपूर्ति सहमति) | ५ |
| सङ्गठित संस्थातर्फ (पदपूर्ति सहमति) | ६ |
| अनियमितता उपर कारबाही | ६ |
| नीति नियम सम्बन्धी (परामर्श प्रदान) | ३ |
| पाठ्यक्रम तथा मूल्याङ्कन | १२ |
| परीक्षण प्रविधि | १ |
| सुरक्षा निकाय तथा सङ्गठित संस्थातर्फ | ० |
| विविध (प्रशासन शाखा समेत) | १८ |
| **जम्मा** | ५७ |

## २. पाठ्यक्रम तथा मूल्यांकन शाखा

### नयाँ स्वीकृत भएका पाठ्यक्रम

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह | निर्णय मिति | लागू हुने मिति |
|---|---|---|---|---|---|---|---|
| १ | सिनियर कम्प्युटर इञ्जिनियर | रा.प.द्वितीय | सङ्घीय संसद | सूचना प्रविधि | - | २०८२/०४/२९ | २०८२/०६/२३ |
| २ | वातावरण निरीक्षक | रा.प.तृतीय | नेपाल वन | वातावरण | - | २०८२/०४/२९ | २०८२/०४/२९ |
| ३ | वरिष्ठ टेक्सटायल अधिकृत | रा.प.द्वितीय | नेपाल विविध | - | - | २०८२/०५/०९ | २०८१/०६/३० |
| ४ | वरिष्ठ क्लिनिकल साइकोलोजिष्ट | नवौं | नेपाल स्वास्थ्य | विविध | - | २०८२/०६/०९ | २०८१/०६/३० |

### परिमार्जन भएका पाठ्यक्रम

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह | निर्णय मिति | लागू हुने मिति |
|---|---|---|---|---|---|---|---|
| १ | सहसचिव वा सो सरह | रा.प.प्रथम | नेपाल न्याय | न्याय | - | २०८२/०६/२३ | २०८२/०६/२३ |
| २ | सहसचिव वा सो सरह | रा.प.प्रथम | नेपाल न्याय | कानून | - | २०८२/०६/२३ | २०८२/०६/२३ |
| ३ | सहसचिव वा सो सरह | रा.प.प्रथम | नेपाल न्याय | सरकारी वकिल | - | २०८२/०६/२३ | २०८२/०६/२३ |

### आयोगबाट स्वीकृति प्रदान गरिएका सुरक्षा निकाय तथा सङ्गठित संस्थाहरुको पाठ्यक्रमहरुको विवरण

| क्र.सं. | निकाय/संस्थाको नाम | पद | तह/श्रेणी | सेवा/समूह/उपसमूह | कुल पाठ्यक्रम सङ्ख्या | स्वीकृति प्रदान गरिएको मिति |
|---|---|---|---|---|---|---|
| १. | नेपाली सेना | पदिक तथा विल्लादार | - | लेखा र कर्मचारी | २ | २०८२/०५/०५ |
| २. | नेपाली सेना | विभिन्न | - | सैनिक प्राविधिक/सैनिक इञ्जिनियरिङ्ग/अन्य प्राविधिक | ३ | २०८२/०६/०९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक र कृषि विकास बैंक लिमिटेड | सहायक वा सो सरह | चौथो | प्रशासन/नगद (एकीकृत तथा संयुक्त परीक्षा प्रणाली अपनाइएको) | ४ | २०८२/०६/०९ |
| ४. | नेपाल इञ्जिनियरिङ्ग | विभिन्न | विभिन्न | प्राविधिक/अप्राविधिक | ७ | २०८२/०६/०९ |
| ५. | नेपाल आयल निगम लिमिटेड | उपनिर्देशक (सि.ए.) | नवौं | अप्राविधिक/लेखा | १० | २०८२/०६/३१ |
| ६. | कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष र निक्षेप तथा कर्जा सुरक्षण कोष | सहायक वा सो सरह | चौथो | अप्राविधिक (एकीकृत तथा संयुक्त परीक्षा प्रणाली अपनाइएको) | ५ | २०८२/०६/३१ |

## ३. परीक्षण प्रविधि शाखा

**यस त्रैमासिक अवधिमा देहाय बमोजिमका कार्यहरु सम्पन्न भएका छन्।**

**शैक्षिक योग्यता द्विविधा सम्बन्धी भएका निर्णयहरुः**

| क्र.सं | पद | श्रेणी/ तह | सेवा | समूह/ उपसमूह | संशोधित शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | उपसचिव वा सो सरह | रा.प.द्वितीय | नेपाल प्रशासन | राजस्व | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्र वा व्यापार प्रशासन वा अर्थशास्त्र वा जनप्रशासन (सार्वजनिक वित्त वा लेखा विषय सहित) मा स्नातकोत्तर उपाधि हासिल गरी ऐनको दफा ७ को उपदफा १६ बमोजिमको अनुभव प्राप्त। |
| २ | रा.प.तृतीय | शाखा अधिकृत वा सो सरह | नेपाल प्रशासन | राजस्व | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्र वा व्यापार प्रशासन वा अर्थशास्त्र वा जनप्रशासनमा स्नातक उपाधि हासिल गरेको। |

**परीक्षण सम्बन्धी कार्यहरुः-**

| क.सं | सेवा/ समूह | पद | कार्य विवरण |
|---|---|---|---|
| १ | अप्राविधिक (परराष्ट्र) | उपसचिव वा सो सरह | आन्तरिक प्रतियोगितात्मक द्वितीय चरणको In-Basket Exercise परीक्षाको उत्तरपुस्तिका परीक्षण तथा व्यवस्थापन |
| २ | अप्राविधिक (परराष्ट्र) | उपसचिव वा सो सरह | खुला तथा समावेशी द्वितीय चरणको In-Basket Exercise परीक्षाको उत्तरपुस्तिका परीक्षण तथा व्यवस्थापन |

**सङ्गठित संस्थाको कर्मचारी सेवा सुविधा विनियमावली मस्यौदामा संशोधित शैक्षिक योग्यताः**

| क्र.सं. | सङ्गठन | विनियमावली |
|---|---|---|
| १ | नेपाल स्टक एक्स्चेन्ज लिमिटेड | नेपाल स्टक एक्स्चेन्ज लिमिटेड कर्मचारी सेवा शर्त (तेस्रो संशोधन विनयमावली, २०८२) |
| २ | कान्ति बाल अस्पताल विकास समिति | कान्ति बाल अस्पताल विकास समितिका कर्मचारीहरुको सेवाका शर्त तथा सुविधा सम्बन्धी नियमावली, २०८२ |

**तालिक सम्बन्धी कार्यः-**

| क्र.सं. | विवरण | मिति | स्थान | सहाभागी |
|---|---|---|---|---|
| १ | Assessment Center Methodology (ACM) सँग सम्बन्धित विधिहरुको सैद्धान्तिक तथा व्यवहारिक क्षमताको विकास गर्ने उद्देश्यले विगतमा तालिम प्राप्त गरेका विज्ञहरुको लागि | २०८१ श्रावण ११ देखि १६ गतेसम्म | स्क्वायर होटल, झम्सीखेल, काठमाडौं | ७ वटा प्रदेश लोक सेवा आयोगबाट १४ जना पदाधिकारी ४६ जना निजामती सेवामा |

| | | | | |
|---|---|---|---|---|
| | पुनर्ताजगी र थप नयाँ विज्ञका लागि "Training/Workshop on Assessment Centre Methodology" विषयक तालिम UNDP को सहकार्यमा सम्पन्न गरिएको। | | | कार्यरत वा सेवा निवृत्त कर्मचारी तथा विभिन्न विश्वविद्यालयका प्राज्ञिक विज्ञहरु |

## ४. पदपूर्तिका लागि माग र प्रतिशत निर्धारण

यस त्रैमासिक अवधिमा पदपूर्तिका लागि देहाय अनुसार पदको माग सङ्कलन र प्रतिशत निर्धारण गरिएको छ।

| क्र.सं. | श्रेणी/तह | माग सङ्कलन | प्रतिशत निर्धारण |
|---|---|---|---|
| १ | रा.प.प्रथम | ८८ | ८८ |
| २ | एघारौं | २० | २० |
| ३ | रा.प.द्वितीय | ३२७ | ३२७ |
| ४ | नवौं | ६६ | ६६ |
| ५ | अधिकृत द्वितीय | १ | १ |
| **जम्मा** | | **५०२** | **५०२** |

## ५. विज्ञापन प्रकाशन

आयोगबाट स्वीकृत कार्यतालिका अनुसार तपसिल बमोजिम प्राविधिक र अप्राविधिक तर्फका पदहरुको विज्ञापन प्रकाशन भएको छ। प्रकाशित विज्ञापन सङ्ख्या र विज्ञापित पद सङ्ख्या यस प्रकार रहेको छ ।

| श्रेणी/तह | बढुवा | | आ.प्र. | | खुला | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन सङ्ख्या | पदसङ्ख्या | विज्ञापन सङ्ख्या | पदसङ्ख्या | विज्ञापन सङ्ख्या | पदसङ्ख्या | विज्ञापन सङ्ख्या | पद सङ्ख्या |
| रा.प.प्रथम | २५ | ५८ | ११ | १७ | ६ | ७ | ४२ | ८२ |
| एघारौं | ८ | ९ | ८ | ९ | २ | २ | १८ | २० |
| रा.प.द्वितीय | ६० | २१० | २९ | ७१ | १३ | २२ | १०२ | ३०३ |
| नवौं | २१ | २८ | १८ | २२ | ६ | ७ | ४५ | ५७ |
| अधिकृत द्वितीय | - | - | १ | १ | - | - | १ | १ |
| **जम्मा** | **११४** | **३०५** | **६७** | **१२०** | **२७** | **३८** | **२०८** | **४६३** |

### खुला तथा समावेशीतर्फ

| किसिम | अप्राविधिक | | प्राविधिक | |
|---|---|---|---|---|
| | विज्ञापन सङ्ख्या | पदसङ्ख्या | विज्ञापन सङ्ख्या | पदसङ्ख्या |
| खुलातर्फ | १० | २० | १७ | १८ |
| **समावेशीतर्फ** | | | | |
| महिला | ४ | ४ | ५ | ५ |
| आ.ज. | ३ | ४ | १० | १० |
| मधेसी | ५ | ५ | ४ | ४ |
| दलित | १ | १ | २ | २ |
| अपाङ्ग | २ | २ | – | – |
| पि.क्षे. | १ | १ | – | – |
| **समावेशी जम्मा** | **१६** | **१७** | **२१** | **२१** |
| **कुल जम्मा** | **२६** | **३७** | **३८** | **३९** |

## ६. दरखास्त सङ्कलन

### दरखास्त व्यवस्थापन केन्द्र

आयोग अन्तर्गतको दरखास्त व्यवस्थापन केन्द्रमा यस चौथो त्रैमासिक अवधिमा कुल २ उम्मेदवारहरुबाट बढुवा सम्बन्धी दरखास्त प्राप्त भएका छन्। प्राप्त दरखास्तको श्रेणी/तह अनुसारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | श्रेणी/तह | जेष्ठता र कार्यसम्पादनद्वारा हुने बढुवा | कार्यक्षमताको मुल्याङ्कनद्वारा हुने बढुवा | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | रा.प.प्रथम | - | २ | २ | |
| | **जम्मा** | - | २ | २ | |

## अनलाइन दरखास्त प्रणाली

### श्रेणी/तहगत

आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत यस चौथो त्रैमासिक अवधिमा कुल १० हजार ५ सय ३९ उम्मेदवारहरुबाट दरखास्त प्राप्त भएका छन्। प्राप्त दरखास्तको श्रेणी/तह अनुसारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क.सं. | विवरण | अप्राविधिक | | प्राविधिक | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | |
| १ | रा.प.प्रथम | ५६ | २०२ | ३ | २४ | २८५ |
| २ | रा.प.द्वितीय | १२५ | ६६७ | १५ | ८९ | ८९६ |
| ३ | एघारौं | - | - | १ | १ | २ |
| ४ | नवौं | - | - | २ | ४ | ६ |
| ५ | सहायक चौथो | ४९३१६ | ४००२८ | - | - | ८९३४४ |
| | **जम्मा** | **४९४९७** | **४०८९७** | **२१** | **११८** | **९०५३३** |

### आ.प्र., खुला तथा समावेशीतर्फ

| किसिम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| आन्तरिक प्रतियोगितातर्फ | ६७ | ३८८ | ४५५ |
| खुलातर्फ | ४९३९० | ४०५४२ | ८९९३२ |
| **समावेशीतर्फ** | | | |
| महिला | ४८ | ० | ४८ |
| आदिवासी/जनजाति | ८ | ३८ | ४६ |
| मधेसी | ५ | ३१ | ३६ |
| दलित | – | – | – |
| अपाङ्ग | ० | १० | १० |
| पिछडिएको क्षेत्र | ० | ६ | ६ |
| **समावेशी जम्मा** | **६१** | **८५** | **१४६** |
| **कुल जम्मा** | **४९५१८** | **४१०१५** | **९०५३३** |

## जिल्लागत विवरण

उम्मेदवारको स्थायी ठेगानामा उल्लेखित जिल्लाका आधारमा प्राप्त दरखास्तहरु विश्लेषण गर्दा यस अवधिमा बारा, कैलाली, सर्लाही, धनुषा र पर्सा जिल्लाबाट सबै भन्दा बढी तथा डोल्पा, रुकुम पूर्व, रसुवा, मुस्ताङ र मनाङ जिल्लाबाट सबै भन्दा कम दरखास्त प्राप्त भएको देखिन्छ। दरखास्तको जिल्लागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| बारा | १६२७ | २२६७ | ३८९४ |
| कैलाली | २०९९ | १३४० | ३४३९ |
| सर्लाही | १३६२ | १८४६ | ३२०८ |
| धनुषा | १४७४ | १५९४ | ३०६८ |
| पर्सा | १२५५ | १७१७ | २९७२ |
| महोत्तरी | १३०६ | १५५४ | २८६० |
| मोरङ | १६७४ | ११६२ | २८३६ |
| रौतहट | १०७२ | १६५९ | २७३१ |
| सिराहा | ११८० | १४५० | २६३० |
| कञ्चनपुर | १७०४ | ९०७ | २६११ |
| सप्तरी | १०१४ | १३६३ | २३७७ |
| सुनसरी | १२७२ | १०५१ | २३२३ |
| झापा | १२८९ | ८७६ | २१६५ |
| सुर्खेत | १३४३ | ८११ | २१५४ |
| गुल्मी | १३६४ | ७५७ | २१२१ |
| दैलेख | ९८३ | १०९४ | २०७७ |
| बर्दिया | १२१७ | ८२३ | २०४० |
| रुपन्देही | १०६१ | ७९३ | १८५४ |

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| स्याङ्जा | १२५१ | ५४० | १७९१ |
| दाङ | ११२६ | ६०१ | १७२७ |
| बैतडी | ८०७ | ८५६ | १६६३ |
| बाँके | ८१९ | ५५६ | १३७५ |
| अर्घाखाँची | ८४२ | ५२० | १३६२ |
| बझाङ | ५२४ | ८०६ | १३३० |
| अछाम | ४९५ | ८१० | १३०५ |
| कपिलवस्तु | ५८८ | ६५५ | १२४३ |
| पाल्पा | ८२८ | ३४० | ११६८ |
| रुकुम पश्चिम | ६०६ | ५०७ | १११३ |
| ईलाम | ६७६ | ३७० | १०४६ |
| काठमाडौं | ७१३ | ३२९ | १०४२ |
| प्युठान | ६२८ | ३७९ | १००७ |
| उदयपुर | ६१२ | ३८२ | ९९४ |
| खोटाङ | ५६२ | ४१४ | ९७६ |
| जाजरकोट | ३८० | ५९१ | ९७१ |
| मकवानपुर | ६१४ | ३४६ | ९६० |
| जुम्ला | ३९५ | ५५३ | ९४८ |

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| पर्वत | ६२५ | ३२० | ९४५ |
| सल्यान | ४७६ | ४०४ | ८८० |
| दार्चुला | ४४० | ४१० | ८५० |
| कालिकोट | ३२७ | ५१२ | ८३९ |
| सिन्धुली | ४९४ | ३२० | ८१४ |
| कास्की | ५३७ | २६८ | ८०५ |
| डँडेलधुरा | ४२५ | ३७५ | ८०० |
| डोटी | २९६ | ४४१ | ७३७ |
| काभ्रेपलाञ्चोक | ४६७ | २५३ | ७२० |
| धनकुटा | ४४७ | २३६ | ६८३ |
| बाजुरा | २६३ | ३८९ | ६५२ |
| नवलपरासी ब.सु.पश्चिम | ३७१ | २७० | ६४१ |
| ओखलढुङ्गा | ३९९ | २३६ | ६३५ |
| बागलुङ | ४३७ | १९५ | ६३२ |
| गोरखा | ३९० | २३० | ६२० |
| भोजपुर | ३५१ | २६८ | ६१९ |
| नुवाकोट | ४२५ | १९३ | ६१८ |
| धादिङ | ४४६ | १६९ | ६१५ |
| रोल्पा | ३९४ | २११ | ६०५ |
| चितवन | ४१७ | १८० | ५९७ |
| तनहुँ | ४२४ | १७२ | ५९६ |
| रामेछाप | ३९२ | १७० | ५६२ |
| संखुवासभा | ३२९ | २१६ | ५४५ |
| नवलपरासी ब.सु.पू. | ३५४ | १६६ | ५२० |
| दोलखा | ३५८ | १५७ | ५१५ |
| सिन्धुपाल्चोक | ३१६ | १७३ | ४८९ |
| भक्तपुर | ३२३ | १६५ | ४८८ |
| ललितपुर | २९५ | १५१ | ४४६ |
| तेह्रथुम | २४७ | १४२ | ३८९ |
| पाँचथर | २६१ | १२४ | ३८५ |
| हुम्ला | ११० | २४३ | ३५३ |
| लमजुङ | २२८ | ८६ | ३१४ |
| सोलुखुम्बु | १८० | १२५ | ३०५ |
| मुगु | १०१ | १७६ | २७७ |
| ताप्लेजुङ | १३७ | ८८ | २२५ |
| म्याग्दी | ११३ | ३९ | १५२ |
| डोल्पा | ४५ | ६२ | १०७ |
| रुकुम पुर्व | ६२ | ३२ | ९४ |
| रसुवा | ४७ | २५ | ७२ |
| मुस्ताङ | ५ | ४ | ९ |
| मनाङ | २ | ० | २ |
| **कुल जम्मा** | **४९५१८** | **४१०१५** | **९०५३३** |

## जातिगत विवरण

उम्मेदवारले दरखास्त पेश गर्दा उल्लेख गरेको जातिगत विवरणका आधारमा दरखास्त फारामको जातिगत वर्गीकरण यस प्रकार रहेको छ।

| जात/जाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ब्राह्मण - पहाड | १३११४ | ९२४२ | २२३५६ |
| क्षेत्री | १०३६१ | ७७१७ | १८०७८ |
| थारू | ३७४५ | २५२७ | ६२७२ |
| ब्राह्मण - तराई | ३१५७ | २०३९ | ५१९६ |
| यादव | १८२२ | ३१०७ | ४९२९ |
| मगर | २३८१ | १००८ | ३३८९ |
| कोइरी/कुशवाहा | ९२२ | १३४७ | २२६९ |
| नेवाः (नेवार) | १४८५ | ७३६ | २२२१ |
| तेली | ९७४ | १२३५ | २२०९ |
| ठकुरी | १०८७ | ८६६ | १९५३ |
| विश्वकर्मा | ७२६ | ७९६ | १५२२ |
| राई | ८८५ | ३६९ | १२५४ |
| तामाङ | ७२३ | ३८२ | ११०५ |
| कुर्मी | ३०५ | ५८७ | ८९२ |
| मुसलमान | २७७ | ६०३ | ८८० |
| कानु | ३५८ | ४९३ | ८५१ |
| धानुक | २७० | ४२५ | ६९५ |
| कलवार | ३७१ | २९५ | ६६६ |
| सार्की | ३२२ | २९६ | ६१८ |
| सुँडी | ३३७ | २६४ | ६०१ |
| परियार | ३४२ | २४१ | ५८३ |
| याक्थुङ/लिम्बु | ३८८ | १८३ | ५७१ |
| चमार/हरिजन/राम | १२५ | ४०६ | ५३१ |
| कायस्थ | २७६ | २४६ | ५२२ |
| कुम्हार | १४५ | ३११ | ४५६ |
| गुरुङ | ३१४ | १२० | ४३४ |
| सुनार | २७५ | १५९ | ४३४ |
| सन्यासी/दशनामी | २२२ | २०६ | ४२८ |
| लोहार | १३८ | २७७ | ४१५ |
| बनियाँ | २०७ | १८६ | ३९३ |
| हजाम/ठाकुर | १४८ | २२१ | ३६९ |
| केवट | १४१ | २०९ | ३५० |
| सोनार | १५५ | १८९ | ३४४ |
| तत्मा/तत्वा | ८८ | २३५ | ३२३ |
| मल्लाह | ११० | २०७ | ३१७ |
| बरई | १०० | २१० | ३१० |
| दुसाध/पासवान/पासी | ८७ | २२२ | ३०९ |
| राजवंशी | १६८ | ११३ | २८१ |
| भूमिहार | १६७ | ९८ | २६५ |
| हलुवाई | १२१ | १४२ | २६३ |
| धोबी | ६६ | १८० | २४६ |
| रौनियार | १०९ | १३५ | २४४ |

| जात/जाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| राजपूत | १२९ | १०१ | २३० |
| घर्ती/भुजेल | १४८ | ७० | २१८ |
| बरही | ८५ | ११२ | १९७ |
| कुमाल | १०३ | ८० | १८३ |
| राना थारू | ११८ | ६४ | १८२ |
| दनुवार | ९५ | ८३ | १७८ |
| कथबनियाँ | ५७ | ११८ | १७५ |
| अमात | ५७ | १०४ | १६१ |
| नुनीया | ५३ | ९९ | १५२ |
| खत्वे | ३३ | १०७ | १४० |
| बडही/बढई | ५९ | ७२ | १३१ |
| सुनुवार | ८५ | २७ | ११२ |
| गडेरी/भेडियार | ३४ | ६७ | १०१ |
| गनगाई | ३२ | ६८ | १०० |
| चाई/खुलौट | ३४ | ६३ | ९७ |
| माझी | ५४ | ४२ | ९६ |
| बिन | २९ | ६४ | ९३ |
| मिजार | ४२ | ३७ | ७९ |
| पुन | ५४ | १५ | ६९ |
| शेर्पा | ४१ | २७ | ६८ |
| कुलुङ | ३१ | ३३ | ६४ |
| कोरी | २२ | ३८ | ६० |
| बाँतर/सरदार | २० | ३५ | ५५ |
| माली | १७ | ३७ | ५४ |
| राजधोव | १४ | ३७ | ५१ |
| केवरत | २४ | २६ | ५० |
| गोंढ/गोड | १५ | ३४ | ४९ |
| कहर | १३ | ३४ | ४७ |
| खवास | २३ | २४ | ४७ |
| उराँव/कुडुख | २२ | २० | ४२ |
| किसान | १९ | २३ | ४२ |
| ताजपुरिया | २२ | १८ | ४० |
| देव | २४ | १५ | ३९ |
| राजभर | ९ | २६ | ३५ |
| सन्थाल | १२ | २२ | ३४ |
| चाम्लिङ | २५ | ७ | ३२ |
| ब्याँसी/सौका | ६ | २६ | ३२ |
| थामी | २४ | ६ | ३० |
| लोध | ७ | २१ | २८ |
| बंगाली | ११ | १६ | २७ |
| बराम / बरामु | ७ | २० | २७ |
| आठपहरिया | १३ | १२ | २५ |
| बान्तवा | १२ | ११ | २३ |
| याक्खा | २० | २ | २२ |
| घले | १९ | २ | २१ |
| पटेल | ९ | १२ | २१ |
| मुसहर | ५ | १५ | २० |
| चेपाङ/प्रजा | ८ | ९ | १७ |

| जात/जाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| पहरी | १० | ७ | १७ |
| कमर | ५ | ११ | १६ |
| कलार | ९ | ७ | १६ |
| धिमाल | १३ | ३ | १६ |
| पोदार | १० | ६ | १६ |
| भोटे | १० | ६ | १६ |
| डोम | ६ | ९ | १५ |
| थुलुङ | १० | ५ | १५ |
| लहेरा | ७ | ८ | १५ |
| छन्त्याल/छन्तेल | ११ | ३ | १४ |
| दराइ | १२ | २ | १४ |
| खालिङ | ९ | ४ | १३ |
| नाछिरिङ | ८ | ५ | १३ |
| बेलदार | ५ | ८ | १३ |
| मारवाडी | ५ | ६ | ११ |
| खटिक | ४ | ६ | १० |
| याम्फु | २ | ८ | १० |
| थकाली | ३ | ६ | ९ |
| बादी | २ | ७ | ९ |
| हलखोर | २ | ७ | ९ |
| कोचे | १ | ७ | ८ |
| राजी | ६ | २ | ८ |
| सरवरिया | २ | ६ | ८ |
| साम्पाङ | ६ | २ | ८ |
| हायु | ३ | ५ | ८ |
| राउटे | २ | ५ | ७ |
| लेप्चा | ५ | २ | ७ |
| गाइने | ४ | २ | ६ |
| दुरा | ६ | ० | ६ |
| धुनीया | १ | ५ | ६ |
| जिरेल | ४ | १ | ५ |
| ढाँडी | १ | ४ | ५ |
| योल्मोपा | २ | ३ | ५ |
| फ्री | १ | ३ | ४ |
| बोटे | २ | २ | ४ |
| मुण्डा | ३ | १ | ४ |
| मेवाहाङ | ४ | ० | ४ |
| पंजाबी/सिख | १ | २ | ३ |
| मेचे | २ | १ | ३ |
| कुसुण्डा | २ | ० | २ |

| जात/जाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| पथरकट्टा/कुशवाडिया | ० | २ | २ |
| बहिङ | २ | ० | २ |
| मुगाल/मुगुम | २ | ० | २ |
| चिडिमार | ० | १ | १ |
| चुम्बा/नुब्री | ० | १ | १ |
| धन्कार/धरिकार | ० | १ | १ |
| नुराङ | १ | ० | १ |

| जात/जाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| बनकारिया | ० | १ | १ |
| लोहोरुङ | १ | ० | १ |
| ल्होमी | ० | १ | १ |
| वालुङ | १ | ० | १ |
| विदेशी | १ | ० | १ |
| **जम्मा** | ४९५१८ | ४१०१५ | ९०५३३ |

## प्रदेशगत विवरण

उम्मेदवारको स्थायी ठेगानामा उल्लेखित जिल्लाका आधारमा प्राप्त दरखास्तहरु प्रदेशगत विश्लेषण गर्दा मधेस प्रदेशमा स्थायी बसोबास गर्ने सबैभन्दा बढी र गण्डकी प्रदेशमा स्थायी बसोबास गर्ने सबैभन्दा कम व्यक्तिले दरखास्त फाराम भरेको पाइएको छ।

| प्रदेश | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| कोशी प्रदेश | ८४३६ | ५६९० | १४१२६ |
| मधेश प्रदेश | १०२९० | १३४४९ | २३७३९ |
| बागमती प्रदेश | ५३०७ | २६३२ | ७९३९ |
| लुम्बिनी प्रदेश | ९३०० | ५९३७ | १५२३७ |
| गण्डकी प्रदेश | ४३६६ | २०२० | ६३८६ |
| कर्णाली प्रदेश | ४७६६ | ४९५३ | ९७१९ |
| सुदूरपश्चिम प्रदेश | ७०५३ | ६३३४ | १३३८७ |
| **जम्मा** | **४९५१८** | **४१०१५** | **९०५३३** |

## ७. लिखित परीक्षा सञ्चालन

यस त्रैमासिक अवधिमा निजामती सेवातर्फ लिखित परीक्षा नभएको, सुरक्षा निकायतर्फ जम्मा ४८ वटा र न्याय सेवा आयोगतर्फ एक वटा परीक्षा सम्पन्न भएको छ।

### निजामती सेवातर्फ

| श्रेणी/तह | लिखित परीक्षा सम्पन्न भएको विज्ञापन सङ्ख्या | | जम्मा | निकाय |
|---|---|---|---|---|
| | अप्राविधिक | प्राविधिक | | |
| अधिकृत स्तर | १ | - | १ | न्याय सेवा आयोग |
| **जम्मा** | | | | |

### सुरक्षा निकायतर्फ

| क्र.सं. | सुरक्षा निकायको नाम | लिखित परीक्षा सम्पन्न भएको विज्ञापन सङ्ख्या | | |
|---|---|---|---|---|
| | | अधिकृत स्तर | सहायक स्तर | श्रेणी विहीन |
| १ | नेपाली सेना | - | ३२ | - |
| २ | सशस्त्र प्रहरी बल, नेपाल | २ | - | - |
| ३ | नेपाल प्रहरी | १४ | - | - |
| | **जम्मा** | **१६** | **३२** | - |

यस अवधिमा निजामती सेवातर्फ उल्लेखित विज्ञापनसँग सम्बन्धित लिखित परीक्षामा रहेको उपस्थितिको विवरण यसप्रकार रहेको छ।

| श्रेणी/तह | लिखित परीक्षामा उपस्थित उम्मेदवार सङ्ख्या | | जम्मा | निकाय |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| अधिकृत स्तर | ३० | १४२ | १७२ | न्याय सेवा आयोग |
| **जम्मा** | **३०** | **१४२** | **१७२** | |

### सुरक्षा निकायतर्फ

| सि.नं. | सुरक्षा निकायको नाम | जम्मा उम्मेदवार सङ्ख्या | लिखित परीक्षा सम्मिलित परीक्षार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | नेपाली सेना | ७५५ | १८५ | ४७१ | ६५६ |
| २ | सशस्त्र प्रहरी बल नेपाल | ४५ | ४ | ३० | ३४ |
| ३ | नेपाल प्रहरी | १०८४ | २२४ | ५९३ | ८१७ |
| | **जम्मा** | १८८४ | ४१३ | १०९४ | १५०७ |

### न्याय सेवा आयोगतर्फ

| सि.नं. | निकायको नाम | जम्मा उम्मेदवार सङ्ख्या | लिखित परीक्षा सम्मिलित परीक्षार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | न्याय सेवा आयोग | २०७ | ३० | १४२ | १७२ |

## ८. लिखित परीक्षा नतिजा तयारी

यस अवधिमा कुल १४१ वटा विज्ञापनका लागि ३४३ दक्ष/विज्ञ मनोनयन गरिएको छ। जसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | विवरण | दक्ष विज्ञ मनोनयन | नतिजा तयारी |
|---|---|---|---|
| १. | प्राविधिक | १८९ | ८८ |
| २. | अप्राविधिक | १५४ | ५३ |
| | जम्मा | ३४३ | १४१ |

यस अवधिमा कुल १ लखा ६६ हजार ५३ उत्तरपुस्तिका परीक्षण भएका छन्। जसको वर्गीकृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

### निजामती सेवातर्फ

| क्र.सं. | विवरण | अप्राविधिक | प्राविधिक | जम्मा |
|---|---|---|---|---|
| १. | विषयगत | ११५०७३ | १५२६० | १३०३३३ |
| २. | OMR Sheet | - | - | |
| ३. | वस्तुगत | २८०९० | ७६३० | ३५७२० |
| | **जम्मा** | १४३१६३ | २२८९० | १६६०५३ |

### सुरक्षा निकायतर्फ

| क्र.सं. | विवरण | अप्राविधिक | प्राविधिक | जम्मा |
|---|---|---|---|---|
| १. | विषयगत | | १३८१ | १३८१ |
| २. | OMR Sheet | | - | |
| ३. | वस्तुगत | | ८५७ | ८५७ |
| | **जम्मा** | | २२३८ | २२३८ |

## ९. लिखित परीक्षा नतिजा प्रकाशन शाखा

### अन्तर्वार्ताको लागि छनौट

यस अवधिमा अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारको श्रेणी/तह अनुसारको सङ्ख्या यस प्रकार रहेको छ।

### निजामती सेवातर्फ

| श्रेणी/तह | अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवार सङ्ख्या | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | अप्राविधिक | | | प्राविधिक | | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| रा.प.द्वितीय | १२ | १२ | २४ | – | – | – | १२ |
| नवौं | - | - | - | ५ | ३ | ८ | ८ |
| रा.प.तृतीय | ३११ | ४०५ | ७१६ | ५४ | ८९ | १४३ | ८५९ |
| स्वास्थ्य, आठौं | - | - | - | ७ | ३० | ३७ | ३७ |
| स्वास्थ्य, सातौं | - | - | - | ६ | ७ | १३ | १३ |
| **जम्मा** | ३११ | ४०५ | ७१६ | ७२ | १२९ | २०१ | ९२९ |

## सुरक्षा निकायतर्फ

| पद/तह | अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवार सङ्ख्या | | | | | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | अप्राविधिक | | | प्राविधिक | | | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | |
| प्रा.सु.(सै.उ.) नर्सिङ्ग | - | - | - | २६ | ३ | २९ | २९ | नेपाली सेना |
| ओ.प्रा.सु.(सिभिल) | - | - | - | ३ | ८ | ११ | ११ | नेपाली सेना |
| प्राड जम. | - | - | - | १ | ५ | ६ | ६ | नेपाली सेना |
| प्रा.जम. (भेहिकल मेकानिक्स) | - | - | - | - | ५ | ५ | ५ | नेपाली सेना |
| प्रा.जम. (कम्प्युटर) | - | - | - | २ | ५ | ७ | ७ | नेपाली सेना |
| प्रा.जम.(ग्राउण्ड ह्याण्डलिङ्ग) | - | - | - | - | २ | २ | २ | नेपाली सेना |
| प्रा.जम.(एभिएसन स्टोर) | - | - | - | - | ३ | ३ | ३ | नेपाली सेना |
| लेखा जम. | - | - | - | ६ | ३ | ३७ | ३७ | नेपाली सेना |
| पण्डित हुद्दा | - | - | - | - | ११ | ११ | ११ | नेपाली सेना |
| प्रा.अम.मेडिकल | - | - | - | २० | ६० | ८० | ८० | नेपाली सेना |
| प्रा.अम.जनरल मेकानिकल | - | - | - | १ | ६ | ७ | ७ | नेपाली सेना |
| प्रा.अम.भेहिकल मेकानिक्स | - | - | - | १ | २० | २१ | २१ | नेपाली सेना |
| प्रा.अम. जनरल मेकानिक्स (ए.सी. एण्ड रेफ्रिजिरेशन) | - | - | - | - | - | ७ | ७ | नेपाली सेना |
| प्रा.जम.(ए.एण्ड सी) मेकानिकल | - | - | - | - | - | ४ | ४ | नेपाली सेना |
| **प्रा.अम. कम्प्युटर** | - | - | - | ६ | १३ | १९ | १९ | नेपाली सेना |
| प्रा.अम.भेटेरिनरी | - | - | - | ४ | ५ | ९ | ९ | नेपाली सेना |
| प्रा.अम.दृष्य सामाग्री, तस्विर र संग्रह | - | - | - | - | - | २ | २ | नेपाली सेना |
| प्रा.अम.श्रव्य सामाग्री, पत्रपत्रिका एवं विद्युतीय समाचार (प्रचार प्रसारतर्फ) | - | - | - | १ | - | १ | १ | नेपाली सेना |
| प्रा.अम.व्याण्ड | - | - | - | १ | १० | ११ | ११ | नेपाली सेना |
| प्रा.अम.(ए.एण्ड सी) मेकानिकल | - | - | - | २ | २ | ४ | ४ | नेपाली सेना |
| प्रा.अम.एभियोनिक्स | - | - | - | - | २ | २ | २ | नेपाली सेना |
| प्रा.अम.ग्राउण्ड ह्याण्डलिङ्ग | - | - | - | - | १ | १ | १ | नेपाली सेना |
| अमल्दार कर्मचारी | - | - | - | ३२ | १२५ | १५७ | १५७ | नेपाली सेना |
| प्रा.अम.डेण्टल | - | - | - | ५ | २० | २५ | २५ | नेपाली सेना |
| प्रा.अम.जनरल मेकानिकल | - | - | - | - | २ | २ | २ | नेपाली सेना |
| प्रा.अम.जनरल मेकानिक्स (जेनेरेटर) | - | - | - | २ | ४ | ६ | ६ | नेपाली सेना |
| प्रा.अम.रेडियो मेकानिक्स | - | - | - | १ | १ | २ | २ | नेपाली सेना |
| प्रा.अम.असवाव | - | - | - | ३ | - | ३ | ३ | नेपाली सेना |
| प्रा.अम.एम्युनिशन प्राविधिक | - | - | - | - | २ | २ | २ | नेपाली सेना |
| **प्रहरी जवान** | ७८२ | १८३२ | २६१४ | - | - | ० | २६१४ | नेपाल प्रहरी |
| सशस्त्र प्रहरी निरीक्षक | १० | ७४ | ८४ | - | - | - | ८४ | सशस्त्र प्रहरी |
| सशस्त्र प्रहरी सहायक निरीक्षक | २ | ३६ | ३८ | - | - | - | ३८ | सशस्त्र प्रहरी |
| **जम्मा** | ७९४ | १९४२ | २७३६ | ११७ | ३१८ | ४७६ | ३२१२ | |

## १०. अन्तर्वार्ता तथा सिफारिस

### सिफारिस सम्बन्धी विवरण

लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको अन्तर्वार्ता समेतका आधारमा देहायको सङ्ख्यामा उम्मेदवार सिफारिस भएका छन्।

| श्रेणी/तह | सिफारिस भएका उम्मेदवार सङ्ख्या | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | अप्राविधिक | | | प्राविधिक | | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| रा.प.द्वितीय | ४ | ८ | १२ | – | - | – | १२ |
| रा.प.तृतीय | ५९ | २५ | ८४ | ५० | १०७ | १५७ | २४१ |
| आठौं | - | - | - | ३ | १३ | १६ | १६ |
| सातौं | - | - | - | २ | ३ | ५ | ५ |
| पाँचौं | - | - | - | १ | १ | २ | २ |
| रा.प.अनं.द्वितीय | - | - | - | - | १ | १ | १ |
| **जम्मा** | ६३ | ३३ | ९६ | ५६ | १२५ | १८१ | २७७ |

## ११. विज्ञापनदेखि सिफारिससम्मको विस्तृत विवरण

यस त्रैमासिक अवधिमा विज्ञापनदेखि सिफारिस सम्मको श्रेणी/तह अनुसारको सङ्ख्यात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| श्रेणी/तह | विज्ञापित पद सङ्ख्या | | सङ्कलन भएको दरखास्त सङ्ख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी सङ्ख्या | | | सिफारिस भएका उम्मेदवार सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| रा.प. प्रथम | ४७ | ४१ | २५८ | २७ | – | – | – | – | – | - |
| एघारौं | - | २० | - | २२ | - | - | - | - | - | - |
| रा.प. द्वितीय | २०० | १२७ | ७९२ | १०४ | - | - | - | ५ | ८ | १३ |
| नवौं | - | ६५ | - | ६ | - | - | - | - | - | - |
| अधिकृत द्वितीय | १ | - | - | - | - | - | - | - | - | - |
| रा.प.तृतीय | - | - | - | - | - | - | - | ११७ | १२५ | २४२ |
| आठौं | - | - | - | - | - | - | - | ३ | १४ | १७ |
| सातौं | - | - | - | - | - | - | - | २ | ३ | ५ |
| पाँचौ | - | - | - | - | - | - | - | १ | १ | २ |
| रा.प. अनं. द्वितीय | - | - | - | - | - | - | - | - | १ | १ |
| **जम्मा** | २४८ | २५३ | १०५० | १३९ | - | - | - | १२८ | १५२ | २८० |

## १२. सुरक्षा निकाय तथा सङ्गठित संस्थातर्फ

### पदपूर्तिका लागि सहमति प्रदान गरिएका पदहरुको विवरण

यस त्रैमासिक अवधिमा निम्न बमोजिम सुरक्षा निकाय र सङ्गठित संस्थाहरुलाई विज्ञापन प्रकाशन गर्न सहमति प्रदान गरिएको छ।

| क्र.सं. | सङ्गठित संस्थाको नाम | सहमति प्रदान गरिएका जम्मा पद | | तहगत वर्गीकरण | | |
|---|---|---|---|---|---|---|
| | | बढुवाबाट पूर्ति हुने पद | लिखित परीक्षाबाट पूर्ति हुने पद | अधिकृत स्तर | सहायक स्तर | सहमति प्रदान गरिएको मिति |
| १ | नेपाल बैंक लिमिटेड | २ | ० | २ | ० | २०८२/०४/२२ |
| २ | नेपाल आयल निगम लिमिटेड | ३३ | ४० | ५२ | २१ | २०८२/०५/०२ |
| ३ | हायड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलेपमेन्ट | २ | २ | ४ | ० | २०८२/०५/०५ |
| ४ | नेपाल धितोपत्र बोर्ड | ७ | ८ | १० | ५ | २०८२/०५/०९ |
| ५ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ८ | ७ | १४ | १ | २०८२/०५/१२ |
| ६ | नेपाल इञ्जिनियरिङ्ग परिषद् | ५ | ७ | ८ | ४ | २०८२/०६/०९ |
| | **जम्मा** | ५७ | ६४ | ९० | ३१ | |

### लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको विवरण

यस त्रैमासिक अवधिमा लिखित परीक्षामा सम्मिलित भएका उम्मेदवारको सङ्ख्या निम्न बमोजिम रहेको छ।

| क्र.सं. | सुरक्षा निकाय तथा सङ्गठित संस्थाको नाम | जम्मा उम्मेदवार सङ्ख्या | लिखित परीक्षामा सम्मिलित भएका उम्मेदवारको सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १. | कृषि विकास बैंक लिमिटेड | ८७५१ | २७८१ | २४४५ | ५२२६ |
| २. | त्रिभुवन विश्वविद्यालय | ८११६ | २५३६ | २२४५ | ४७८१ |
| ३. | नागरिक लगानी कोष | ५९३९ | १२९५ | १४२१ | २७१६ |
| ४. | नेपाल कानून व्यवसायी परिषद् | ४९४ | ८९ | १०७ | १९६ |
| ५. | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | २४१ | ५३ | ६२ | ११५ |
| ६. | नेपाल बैंक लिमिटेड | ३२३०५ | ९९९० | ६०९७ | १६०८७ |
| ७. | नेपाल विद्युत प्राधिकरण | ३१३ | २१ | १४१ | १६२ |
| ८. | राष्ट्रिय न्यायिक प्रतिष्ठान | ४३ | ९ | १२ | २१ |
| ९. | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १०५८ | १७५ | १९० | ३६५ |
| १०. | विद्युत नियमन आयोग | १०८५ | १८१ | ३५३ | ५३४ |
| | **जम्मा** | **५८३४५** | **१७१३०** | **१३०७३** | **३०२०३** |

### लिखित परीक्षाको नतिजा तयारी सम्बन्धी विवरण

यस अवधिमा कुल २ सय ५५ वटा विज्ञापनका लागि १ हजार ७ सय २७ विषय विज्ञ वा दक्ष मनोनयन गरिएको छ। कुल १ लाख ५१ हजार ५ सय १ उत्तरपुस्तिका परीक्षण भएका छन्। जसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विषयगत | १०४५१७ | ६८.९९% |
| २. | OMR Sheet | १०९३९ | ७.२२% |
| ३. | वस्तुगत | ३६०४५ | २३.७९% |
| | **जम्मा** | **१५१५०१** | १००% |

### <u>लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी विवरण</u>

लिखित परीक्षाहरुबाट देहायको सङ्ख्यामा उम्मेदवारहरु छनौट भएका छन्।

| क्र.सं. | सुरक्षा निकाय तथा सङ्गठित संस्थाको नाम | लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारको सङ्ख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १. | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | ७ | ३८ | ४५ |
| २. | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | ४५ | ८० | १२५ |
| ३. | कर्मचारी सञ्चय कोष | २६ | ६१ | ८७ |
| ४. | कृषि सामाग्री कम्पनी लिमिटेड | १७ | २८ | ४५ |
| ५. | कृषि विकास बैंक लिमिटेड | २०५६ | १९१५ | ३९७१ |
| ६. | जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड | ३२ | ३७ | ६९ |
| ७. | त्रिभुवन विश्विवद्यालय सेवा आयोगको कार्यालय | १९ | ८ | २७ |
| ८. | निक्षेप तथा कर्जा सुरक्षण कोष | २ | ११ | १३ |
| ९. | नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था | ६ | ८ | १४ |
| १०. | नेपाल दुरसञ्चार कम्पनी लिमिटेड | ७४ | १७८ | २५२ |
| ११. | नेपाल बीमा प्राधिकरण | १२ | १३ | २५ |
| १२. | नेपाल बैंक लिमिटेड | ४ | २ | ६ |
| १३. | नेपाल विद्युत प्राधिकरण | २० | ७१ | ९१ |
| १४. | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान सेवा आयोग | ४७ | २५ | ७२ |
| १५. | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् | ४६ | ११९ | १६५ |
| १६. | प्रेस काउन्सिल नेपाल | २ | ४ | ६ |
| १७. | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | ० | ४ | ४ |
| १८. | सामाजिक सुरक्षा कोष | १८ | ३० | ४८ |
| १९. | हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड | १० | ८ | १८ |
| | **जम्मा** | २४४३ | २६४० | ५०८३ |

## १३. विभागीय सजाय/परामर्श

आयोगबाट भएको निर्णय

| क्र.सं. | निर्णय मिति | कारवाहीको परामर्श दिइएको व्यक्तिको पद र नाम | आयोगबाट भएको निर्णय | सामान्य/विशेष सजाय |
|---|---|---|---|---|
| | | | | |

विभागीय सजायका लागि प्रदान गरिएको लैङ्गिक र तहगत वर्गीकरण

| क्र.स. | श्रेणी/तह | सामान्य सजाय | | विशेष सजाय | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | | |
| १ | | | | | | | |
| जम्मा | | | | | | | |

बढुवा उजुरीसम्बन्धी विवरण

| क्र.सं. | सेवा, समूह, उपसमूह,श्रेणी/तह | सिफारिस सङ्ख्या | उजुरी सङ्ख्या | संशोधित सङ्ख्या |
|---|---|---|---|---|
| १ | नेपाल प्रहरी | १ | १ | - |
| | **जम्मा** | | | |

रिट निवेदन सम्बन्धी विवरण

| क्र.सं. | अदालत | संख्या |
|---|---|---|
| १ | सर्वोच्च अदालत | ६ |
| २ | उच्च अदालत पाटन | ३ |
| ३ | प्रशासकीय अदालत | २ |
| | **जम्मा** | **११** |

## १४. परामर्श सम्बन्धी विवरण

